# मुक्तिनाथ दर्पण

## अर्धवार्षिक बुलेटिन

२०७७ माघ, वर्ष १० अंक १ (डिजिटल अंक)





**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**


Member of
Global Alliance for
Banking on Values

Winner of
EUROPEAN
MICROFINANCE
AWARD 2020

“जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ”

# हामी आभारी छौं

यस विकास बैंक स्थापनाको **१४ औं वर्ष** पुरा गरी **१५ औं वर्ष**मा प्रवेश गरेको शुभ अवसरमा हाम्रा सम्पूर्ण ग्राहक वर्ग, सेयरधनी महानुभावहरु, नियमनकारी निकाय तथा शुभेच्छुकहरुमा हार्दिक आभार व्यक्त गर्दछौं । साथै आगामी दिनहरुमा पनि यहाँहरुको सहयोग र साथ रही रहने अपेक्षा गर्दै अझै उत्कृष्ट सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।




**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
**परिवार**

## बैंकको चुक्ता पूँजी रू. ४ अर्ब ८१ करोड




मुक्तिनाथ विकास बैंकले आफ्नो १४औं वार्षिक साधारण सभा मिति २०७७ पौष २५ गतेका दिन पोखरा, कास्कीमा सम्पन्न गरेको छ। उक्त साधारण सभाले कायम चुक्ता पूँजीको १५.५०७५ प्रतिशतले हुने रकम बोनस सेयर प्रदान गर्ने प्रस्ताव पारित गरेको थियो । उक्त साधारण सभामा प्रस्ताव गरिएका सबै प्रस्तावहरु सर्वसम्मत पारित भएका छन् ।

यस पश्चात बैंकको चुक्ता पूँजी रु. ४ अर्ब ८१ करोड पुगेको छ । नेपालमा रहेका विकास बैंकहरु मध्येमा यो चुक्ता पूँजी सबै भन्दा बढी हो ।

# स्मृतिका पानाहरु

२०६३ साल, मेरो जीवनको एक महत्वपूर्ण साल बनेर आयो । मैले वाल्यकालमा देखेको सपना पुरा गर्ने पहिलो खुड्किलो बन्यो । आफूलाई एक नयाँ संस्थासंग आवद्ध गरेर, नयाँ दैनिकी, नयाँ गोरेटो कोर्ने र भविष्यलाई सुनिश्चित गर्ने संभावनाहरुलाई स्वीकार गरी अगाडि बढ्ने निधो गरें ।

हुनत, मैले एसएलसी पास गरे पछि पनि जागिरको प्रस्ताव नआएको होइन । वरपरका स्कुलहरु तथा भरखर खुलेका सहकारी संस्थाहरुले बोलाउनु भएको थियो । तर, किन किन मेरो रुची त्यतातिर गएन । घर परिवारले छोरीले जहाँ भए पनि एउटा जागिर गरी दिए हुन्थ्यो भन्ने अपेक्षा गर्नु भएको थियो । मेरो दाइले भन्नु हुन्थ्यो, स्याङ्गजा पहाडी जिल्ला हो, विकास हुन समय लाग्छ, भने जस्तो जागिर पनि पाईदैन, बाहिर गएर जागिर गर्दा बचत हुँदैन तर यदि यहीं वरिपरी ससानो भए पनि जागिर पाए त गर्दा हुन्थ्यो, अनुभव पनि हुन्थ्यो, घरपरिवारलाई पनि सहयोग हुन्थ्यो । तर मेरो मनले घर परिवारले सोचे जस्तो जागिर गरी हालौं, भन्ने सोचेन । परिवारका सदस्यहरु मसंग अलि वेखुसी पनि हुनु भयो । मैले सहें । तर, मेरो मम्मीले मलाई साथ दिई रहनु भयो, हौसला पनि दिनु भयो । तिम्रो ईच्छा अनुसारको सुहाउँदो भयो भने गर, भन्नु हुन्थ्यो । उहाँको आशिर्वाद लाग्यो पनि ।

त्यो दिन मलाई हिँजो जस्तो लाग्छ, पुतलीबजारमा (स्याङ्गजा) रहेको रोयल कोओपरेटिभ सोसाइटीका सदस्यहरु मिलेर पुतलीबजारमा नै विकास बैंक खोल्ने रे । त्यहाँका केही प्रतिवद्ध व्यक्ति वाहेक अरु कसैलाई विश्वास नै थिएन । कहाँ खुल्छ यहाँ बैंक? बैंक खोल्न सजिलो छ र? बैंक कसरी चल्छ यस्तो ठाउँमा??? आदि विभिन्न प्रश्न र प्रतिप्रश्नहरुको निकै चर्चा थियो जनमानसमा । मिति त याद भएन, तर एक दिन मेरो मामा घरबाट म आफ्नो घर फर्किएको दिन साँझ मेरो दाइले पनि पुतलीबजारमा एउटा बैंक खुल्ने भयो रे भन्नु भयो । बाहिर सुनेको हल्ला सही रहेछ । अब त्यहाँ निवेदन दिएर पाए पछि जागिर गर्नु पर्छ भनेर दाइले भन्नु भयो । बैंक भए त जागिर गर्नु पर्छ भन्ने मलाई पनि लाग्यो, जुन मैले पहिलेदेखि रोजेको थिए ।

मैले बैंकमा जागिरको लागि आवश्यक कागजात, निवेदन, वायोडाटा सबै पेश गरें । निवेदन दिए पछि, अर्को डर लाग्यो अन्तरवार्तामा बोलाईन्छ कि बोलाईदैन ? बोलाए पछि अन्तरवार्ता कसरी दिने, बोल्न र सही जवाफ दिन सक्छु कि सक्दैन? कस्ले के के प्रश्न सोध्ने होला? घरमा दाजुसंग मात्रै मोबाईल थियो । दाजुको मोबाईल नम्बरमा फोन आउन सक्छ होला भनेर दाजुलाई टाढा नजानु, जानै पर्ने भएमा मोबाईल घरमा छोडेर जानु भने, दाजुले पनि मोबाईल घर मै छोड्नु भयो । हरेक पटक बज्ने मोबाईलको घण्टी मेरै अन्तरवार्तामा बोलाउनको लागि हो कि भन्ने हुन्थ्यो र फोन उठाउन मै दौडिएर जान्थें ।



निवेदन दिएको करिव एक हप्ता पछि मलाई फोन आयो, फोन मैले नै उठाएँ । बैंकबाट फोन आएको भने पछि म त बोल्नै सकिन, उताबाट बोलेको मात्रै सुने, हस् हजुर मात्रै भने । अब एक हप्ता पछि मेरो अन्तरवार्ता हुने भन्नु भयो । यसै बीचमा कलेजको कामले म पोखरा जानु पऱ्यो । बिहान गएर बेलुका फर्कने भन्ने योजना थियो । म पोखरा गएकै दिन, फेरी दाजुको मोबाईलमा फोन आएछ, आरतीलाई आजै अन्तरवार्तामा पठाई दिनु पर्यो भनेर । दाजुले आफ्नो काम छोडेर मलाई बोलाउन घर आउनु भयो, तर म घरमा थिएन । मम्मीलाई भनेर पोखरा हिँडेको थिए । म संग दाजुले सम्पर्क गर्ने अरु कुनै माध्यम थिएन । बेलुका पोखराबाट काम सकेर घर फर्किए । अन्तरवार्ता छुट्यो भनेर दाजु रिसाएर बस्नु भएको रहेछ । अब म फेरी अन्तरवार्ता दिन पाईन्छ कि पाईदैन, मलाई पनि निकै तनाव भयो । मलाई पहिले भनेको त एक हप्ता पछिको दिन थियो । घर परिवारले पनि आजै पोखरा जाने दिन जुर्नु पर्ने भनेर रिसाउनु भयो । तर, यस्तो बीच मै फोन गरेर बोलाउनु होला जस्तो लागेको थिएन । अब मेरो सपना पुरा नहुने भयो भनेर निकै चिन्तित भएँ । पोखराबाट फर्कदा निकै भोक लागेको भए पनि यो खबरले मेरो भोक सबै हरायो । त्यो दिन खाना नखाई सुतें ।

भोलिपल्ट विहानै उठेर सूर्य भगवानलाई नमस्कार गर्दै आशिर्वाद मागे, मैले अन्तरवार्ता दिन पाउँ भनेर । संयोग भनौं वा भगवानले मेरो पुकारा सुन्नु भएको भनौं, मलाई पहिले भनेकै दिनमा मेरो अन्तरवार्ता हुने भन्ने खबर पाएँ ।

म अन्तरवार्ता दिन जान तयार भए । तर, मेरो खुट्टा लल्याक लुलुक भए । पाईला अगाडि बढाउनै गाह्रो भयो । पहिलो पटक अन्तर वार्ता दिन जाँदैछु, कस्ले के सोध्ने हो? कौतुहलता, डर, नयाँ क्षेत्र... आदि विभिन्न प्रश्न र प्रतिप्रश्नहरु मनमा उब्जी रहेका थिए । घरी आफूलाई सम्हाल्ने, घरी हतोत्साहित हुने हुँदै अन्तरवार्ता दिने

स्थान सम्म पुगे। मेरो पालो आयो। अन्तरवार्ता कक्षमा प्रवेश गरें। आदरणीय भरत सर मात्रै हुनु हुन्थ्यो। मनलाई दरिलो बनाएं। जे जे जानेको छु भन्छु, नजानेको कुरा जानेको छैन भन्छु भनेर आँट गरें। सरले सोधेको कुराहरु फटाफट भने। अब, अलि लामो सास आयो। तर, फेरी भोलि पनि अन्तरवार्ता हुन्छ भन्नु भयो। अब फेरि कस्ले के के सोध्ने हो भन्ने भयो। पहिले भन्दा अझै डर लाग्यो। घर फर्किए। दोश्रो दिनको अन्तरवार्तामा तत्कालिन अध्यक्ष श्री खगेन्द्र प्रसाद रेग्मी र सञ्चालक श्री मिन प्रसाद गुरुङ्ग हुनु हुँदो रहेछ। उहाँहरु त्यो पदमा हुनु हुन्छ भन्ने कुरा पछि मात्रै थाह पाँए। उहाँहरुले मार्केटिङ्ग, खाता खोल्ने र ग्राहक सेवा बारेमा धेरै केर कार गरेर प्रश्नहरु गर्नु भएको थियो। राम्रो ग्राहक सेवा दिनु पर्छ भन्ने कुरामा म अडिग थिए। सायद मेरो आत्माले नै ग्राहक सेवा उत्कृष्ट हुनु पर्दछ र ग्राहकको विश्वास नै ठूलो कुरा हो, विश्वास जित्न सक्नु पर्दछ भन्ने मेरो जवाफले म कर्मचारीको रुपमा छनौट भएछु जस्तो लाग्यो। म छनौट भएको खबरले मेरो जीवनको एउटा ठूलो युद्ध पछिको जीत जस्तो लागि रहेको थियो। र कता कता मेरो लागि नयाँ चुनौती र जिम्मेवारी पनि थपिएको महशुस भई रहेको थियो। तर, केही दिन म जीतमा रमाई रहेको थिए। करिव ३/४ दिन पछि मेरो मनमा प्रश्नहरु आउन थाले, कसरी काम गर्ने होला, काम गर्न कसैले सिकाउँछ होला कि आफै गर्ने होला ? गल्ती होला कि? गल्ती भएमा के गर्ने होला.... आदि...।

एक दिन बैंकबाट फोन आयो। म र अर्को एक जनालाई बैंकको काम सिक्न पोखरामा अर्को बैंकमा १ हप्ता बसेर काम गर्नु पर्ने रे। घर छोडेर एक हप्ता सम्म पोखरा बस्नु पर्ने, आफन्तहरुको घरमा समेत त्यति धेरै दिन बसेको थिएन। तर, अब भविष्य बनाउनको लागि पनि जानै पर्ने भयो। डरलाई पनि साथमा लिएर पोखरा गएँ। अब मैले स्याङ्गजामा गर्नु पर्ने काम पोखराको विकास बैंकमा गएर प्रत्यक्ष गर्ने मौका पाँए। त्यहाँका सर म्याडमहरुले धेरै कुराहरु सिकाई दिनु भयो। **"सबै कुराहरु आँखाले पक्का गरे पछि मात्रै, कलमले लेख्ने र छाप लगाउनु पर्दछ"** भनेको मन्त्र अहिले सम्म विर्सेको छैन। अब, फर्केर आफ्नै ठाउँमा यही काम गर्नु पर्दछ भनेर विदा भयौं तर हाम्रो बैंक सञ्चालनमा केही ढिलाई हुने भयो र फेरी अर्को बैंकमा पुनः एक हप्ता काम सिक्न पोखरा फर्क्यौं। अब, दुई ओटा बैंकमा दुई हप्ताको सिकाईले आत्मबल बढेको थियो। काममा अलमल भएमा हामीलाई फोन गरेर सोध्नु भनेर पोखराका सर म्याडमहरुले भन्नु भएको थियो। यति वेला सम्म मलाई हाम्रो बैंकको नाम के हो भन्ने थाह थिएन। नयाँ बैंक हो भन्ने मात्रै थाह थियो। पोखराबाट फर्के पछि मात्रै थाह भयो बैंकको नाम, मुक्तिनाथ विकास बैंक रहेछ। नारा राखिएको थियो, "जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"। म त अचम्म परें, पोखरामा त जनताहरु बैंकमा आउँथे, हाम्रो बैंकमा त हामी जनतामा जाने र??? तर पछि सरहरुले बुझाउनु भयो, त्यस पछि लाग्यो साँच्चै बैंकहरुले जनतामा गयो भने सेवा पनि उत्कृष्ट हुन्छ र समाजको विकासमा मद्दत पुर्याउँछ।

बैंक उद्घाटनको दिन आयो। यो बैंक जन्मनुमा हामी कर्मचारी लगायत स्याङ्गजा जिल्लाको धेरै नागरिकहरु खुसी हुनुहुन्थ्यो जस्तो लाग्छ। पहिलो निजी क्षेत्रको बैंक, आफ्नै गाउँघरका मान्छेहरुले खोलेको बैंक, एक प्रकारको अपनत्व थियो। उद्घाटनको दिन भन्दा अघिदेखि नै उत्तरमा पोखरा र दक्षिणमा गल्याङ्ग सम्मको भेगमा प्रचार प्रसार गरी सकेका थियौं। २०६३ पौष १९ गते (उद्घाटनको दिन) विहानै ६ बजे सबै कर्मचारी जम्मा भयौं। अब नयाँ बैंकको उद्घाटन तथा खाता खोल्ने कामलाई व्यवस्थित बनाउन कामको बाँडफाँड गर्यौ। केही संस्थापकहरुले खाता नं. रोजेर खाता खोल्छु भन्नु भयो। उद्घाटन कार्यक्रममा अत्यन्तै राम्रो उपस्थिति थियो। धेरैले प्रशंसा गर्नु भयो। शुभकामना दिनु भयो। बधाई भन्नु भयो। तर, उद्घाटन कार्यक्रम सकिएर सबै मान्छेहरु घरतिर लाग्नु भयो। हामी दिन भरीको कार्यक्रम र पहिलो दिनको उपलब्धी समीक्षा गर्यौं। सो दिन जम्मा १६ ओटा मात्र खाता खुल्यो। यति थोरै मात्रै खाता खुल्छ होला भन्ने कसैले सोचेको पनि थिएन। मान्छेको उपस्थिति हेर्दा ५००-६०० खाता त सजिलै खुल्नु पर्ने हो। आएका जति मान्छेहरुले पछि खोल्छु पछि खोल्छु भन्दै तर्किनु भयो। सायद उहाँहरुमा बैंक प्रतिको विश्वास हामीले जगाउन सकेका रहेनछौं। दिनभरीको उपलब्धी सुनेर भरत सर पक्कै पनि रिसाउनु हुन्छ, हामीलाई गाली गर्नु हुन्छ, काम गर्न सकेनौं भन्नु हुन्छ, तर उहाँ मुसुक्क मुस्कुराउनु भयो र भन्नु भयो हामीले हरेस खानु हुँदैन, अझै मेहनत गरौं, आजको परिणाम मात्रै हेरेर निरास नबनौं भन्नु भयो। मैले उहाँबाट त्यो दिन विपत, अप्ठ्यारो र आफू अनुकुल परिणाम नहुँदा हामी आत्तिनु हुँदैन भन्ने पाठ सिके। हरेस नखाई दृढ विश्वासको साथ अघि बढ्नु पर्ने रहेछ। बैंकको जन्मदिन सम्म आई पुग्दा आगामी भविष्यको लागि ३६५ दिने सेवा लगायत सबै प्रकारका बैंकिङ्ग सेवा दिन हामी तयार भएका थियौं। अब भोलिबाट... हरेस खाने छैनौं, सो चेको लक्ष्य हासिल गर्छौं गर्छौं भनी २०६३ पौष १९ को दिनलाई विश्राम दियौं।

**श्री आरती श्रेष्ठ,** केन्द्रीय कार्यालय, काठमाडौं

## कर्मचारीको स्वास्थ्य सुरक्षा

मुक्तिनाथ विकास बैंकले कर्मचारीको स्वास्थ्य तथा सुरक्षालाई पहिलो प्राथमिकतामा राखी कोरोना भाइरस (COVID-19) संक्रमित कर्मचारीहरुको उपचारमा लागेको सम्पूर्ण खर्चहरु व्यहोरेको छ। कर्मचारीको PCR Test लगायत Isolation मा बस्दा लागेको खर्चहरु बैंकले व्यहोरेको हो।

# साहित्य

## छोड्नु हुन्न



मेहनतको फल मिठो हुन्छ
कर्म गर्न छोड्नु हुन्न,
सफलताको शिखर चुम्नु छ
सपना देख्न छोड्नु हुन्न ।

तार लगाउँछन् बारले छेक्छन्
छलाङ्ग लगाउन छोड्नु हुन्न,
टुटिन्छ, थाकिन्छ, दुख्छ
पसिना बगाउन छोड्नु हुन्न ।

तनाव हुन्छ, पिडा हुन्छ
प्रयास गर्न छोड्नु हुन्न,
हिंड्ने मान्छे नै लड्छ यहाँ
उठेर हिंड्न छोड्नु हुन्न ।

हण्डर खाइन्छ, ठक्कर खाइन्छ
पाइला चाल्न छोड्नु हुन्न,
सफलता एक दिन अवश्य मिल्छ
धैर्य गर्न छोड्नु हुन्न ॥

**श्री सन्तोष दाहाल**
उपक्षेत्रीय कार्यालय, धादिङ्गवेसी

## तपाईको साथी



जिन्दगीमा अघि बढ्न, असल काम गर्नुहोस्
हरेक इच्छा पुरा हुन्छ, मुक्तिनाथ नै रोज्नुहोस् ।

समय कत्ति पनि खेर नफालौं साथीहरु,
उचित व्याज र सरल कर्जा, राम्रो सहयात्री खोज्नुहोस् ।

बिना झन्झट काम गर्ने साथी हाम्रो अगाडी छ,
सरसल्लाह सुझावको लागि मुक्तिभाइलाई सोध्नुहोस् ।

**श्री सुजित थपलिया,** धादिङ्गवेसी, शाखा



## बैंक महानता

जीवनबाट गरिवी र अभावलाई हटाउन
जनतालाई सजिलै कर्जा प्रवाह गर्न,
सबैको लागि, सधैंको लागि आफ्नै हक
समृद्ध जीवनको सारथी मुक्तिनाथ विकास बैंक ।
असल सेवा, उत्कृष्ट व्याजदर
धेरै शाखा अनि पारदर्शी कारोबार,
खोजे जस्तै सबै छन् सेवाहरु
हजुरहरुको सन्तुष्टी नै हाम्रो सरोकार ।

हराभरा कृषि, सबैलाई रोजगारी
उद्यमी र ईलमीहरुको मनै परोपकारी,
हरेक गाउँ र बस्तीहरुसंग हाम्रो असल नाता
यही नै हो मुक्तिनाथ बैंकको कर्म र महानता ।

**श्री लिलानाथ अधिकारी,** कटारी शाखा

## हाम्रो मुक्ति भाइ



गाउँ शहर डाँडा पाखा, जाने मुक्ति भाइ ।
दुःख सुख हरेक पलमा, छाने मुक्ति भाइ ॥

अलमल किन गर्छौ, अगाडि बढ्नलाई ।
सफलताको गोरेटोमा, लाने मुक्ति भाइ ॥

थोपा थोपा जम्मा गरी, माना पाथी मुरी भर्ने ।
हरेस खान हुन्न है, माने मुक्ति भाइ ॥

विकासको निकासमा हामी सबै अघि बढ्न ।
कृषि कर्म मूल अस्त्र, ठाने मुक्ति भाइ ॥

कुल देव, मूल देव, सर्व देव हाम्रा ।
ग्राहकहरु कै आशिर्वाद, ताने मुक्ति भाइ ॥

**श्री राज अर्याल**, चापाकोट शाखा

## नाम जस्तै काम पनि



नाम जस्तै काम पनि
मुक्तिको मसिहा भएको छ,
हिमाल पहाड तराई
कोही छैन पराई भनी
साथ यसले निभाएको छ ।

हुनेलाई धितो लिई
नहुनेलाई विना धितो,
कर्जा दिई, कर्म गराई
सबैलाई माथि उठाउने
कसम यस्ले खाएको छ ।

कृषि, शिक्षा, व्यवसाय
सबै तिर दायित्व निभाएको छ
स्वार्थमा नहित नभई
सेवालाई नै धर्म मानेको छ ।

सबैको भलो सोची
योजनाहरु ल्याएको छ,
नाम जस्तै काम गरी
मुक्तिनाथ छाएको छ ।

ग्राहकसंग हात मिलाई,
बचत पनि लिएको छ
घर, व्यापार, सेवा, उद्यम
सबैमा कर्जा दिएको छ ।

हाम्रो बैंक, सबैको मसिहा भएको छ
मुक्तिनाथ बैंक सर्वत्र छाएको छ ।

**श्री सोचना खड्का**
केन्द्र नं. २००
साना तथा लघु बैंकिङ्ग, पृथ्वीचोक शाखा

# वार्षिकोत्सव विशेष

**“जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ”** भन्ने मूल मर्मका साथ मिति २०६३ पौष १९ गते स्थापना भएको मुक्तिनाथ विकास बैंकले आफ्नो स्थापनाकालको १४ औं वर्ष सफलतापूर्वक सम्पन्न गरी १५ औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा क्षेत्रीय कार्यालय तथा शाखा कार्यालयहरु मार्फत विभिन्न किसिमका संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु सम्पन्न गरी मनाईएको छ ।

१


७


२


## वार्षिकोत्सवको अवसरमा गरिएको विभिन्न कार्यक्रमहरु

६


३


५


४


१. देवदह-१० रुपन्देहीको श्री सिद्धेश्वर महादेव मन्दिर सेवा समिति कामधेनु गौधाममा आर्थिक सहयोग ।
२. भरतपुर -११, नारायणगढको साहाराको घरका बालबालिकाहरुलाई विभिन्न सामग्री वितरण ।
३. जनकपुरको आलोक वाल आश्रममा विभिन्न पाठ्यसामग्री वितरण ।
४. नेपालगञ्ज, बाँकेको निलसागर असहाय असक्त तथा जेष्ठ नागरिक पुनर्थापना केन्द्रमा खाद्य सामग्री सहयोग ।
५. हेटौडाको हाम्रो घर साहारालाई आर्थिक सहयोग ।
६. इटहरी, बेलबारीको दृष्टिविहिन संघलाई RO+UV+UF control पानी शुद्धिकरण मेसिन हस्तान्तरण ।
७. काठमाडौं, धापासीको डाँफे कोलोनीलाई डष्टविन हस्तान्तरण ।

# हाम्रो सहकार्य

यस विकास बैंकले विभिन्न संस्थाहरुसँग सहकार्य गरी आफ्ना ग्राहकहरुलाई थप सेवा, सुविधा र लाभ प्रदान गर्दै आइरहेको छ । बैंकले विभिन्न व्यवसायिक संस्थाहरुसँग सहकार्य गरी ग्राहकहरुलाई विशेष छुटमा सेवा तथा सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ ।

**ग्राहकहरुलाई विशेष छुट**

| क.सं. | अस्पताल तथा ल्याब | ठेगाना | छुट % सम्म |
|---|---|---|---|
| १ | काठमाडौं नेचुरोप्याथी हस्पिटल | टोखा, काठमाडौं | १५ |
| २ | NEPMEDS प्रा.लि. | गुहेश्वरी, काठमाडौं | १० |
| ३ | ब्लु क्रस हस्पिटल | त्रिपुरेश्वर, काठमाडौं | १२ |
| ४ | इजि केयर प्रा.लि. | काठमाडौं | १२ |
| ५ | ओम समाज डेण्टल हस्पिटल | चावहिल काठमाडौं | १५ |
| ६ | चिरायु नेशनल हस्पिटल | रिङ्गरोड, काठमाडौं | १५ |
| ७ | ग्राण्डी इन्टरनेसनल हस्पिटल | टोखा, काडमाडौं | ७.५ |
| ८ | टेस्ला डाग्नोस्टिक क्लिनिक प्रा.लि. | वालुवाटार, काठमाडौं | १० |
| ९ | सुमेरु सिटि हस्पिटल | पुल्चोक, ललितपुर | १० |
| १० | डक्टर्स अन कल | अनामनगर, काठमाडौं | २० |
| ११ | मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर प्रा.लि. | पोखरा | १० |
| १२ | सेन्ट्रल डायगोनास्टिक ल्याबरेटोरी | कमलपोखरी, काठमाडौं | १५ |
| १३ | सुरिया हेल्थ केयर प्रा.लि. | लाजिम्पाट, काठमाडौं | १० |
| **क.सं.** | **स्कुल** | **ठेगाना** | **छुट % सम्म** |
| १. | ग्रीन पिस सेकेण्डरी स्कुल | कोहलपुर, बाँके | २५ |
| **क.सं.** | **होटेल / रिसोर्ट** | **ठेगाना** | **छुट % सम्म** |
| १. | डिलाईट कर्नर द फेमेली रेस्टुरेष्ट प्रा.लि. | तुल्सिपुर,दाङ | २० |
| २. | कृष्णसार रिसोट प्रा.लि. | बर्दिया | २० |
| ३. | पार्क फुड क्याफे एण्ड रेस्टुरेन्ड प्रा.लि. | तुल्सिपुर,दाङ | १० |
| ४. | भिङग्रेली भ्यालि रिसोर्ट | दाङ | १० |
| ५. | सिद्धार्थ ग्रुप अफ हस्पिटालिटी | तिनकुने, काठमाडौं | १० |
| ६. | बाजेको सेकुवा | गैरीधारा, काठमाडौं | १० |
| ९. | ल्याण्डमार्क होटलस् रेसोर्ट एण्ड स्पा | काठमाडौं, पोखरा, चितवन | १५ |
| १०. | जाम्बाला रेसोर्ट प्रा.लि. | खोटाङ, हलेसी | १५ |
| ११. | ओदान रेष्टुरेन्ट एण्ड लज | बाँसबारी, काठमाडौं | १५ |
| १२. | धुलिखेल माउन्टेन रेसोर्ट प्रा.लि. | धुलिखेल, बनेपा | १० |
| १३. | स्तुपा रेसोर्ट प्रा.लि. | नगरकोट, भक्तपुर | १५ |
| | संगम सुइट्स् | काठमाडौं, पोखरा, चितवन | १५ |
| **क.सं.** | **सपिङ सेन्टर** | **ठेगाना** | **छुट % सम्म** |
| १. | अल्मा आर्ट (घडी कम्पनी) | महाराजगंज, काठमाडौं | १० |
| **क.सं.** | **इन्टेरियर** | **ठेगाना** | **छुट % सम्म** |
| १. | हाउस अफ इन्टेरियरस् | सुकेधारा, काठमाडौं | १० |
| **क.सं.** | **गहना पसल** | **ठेगाना** | **छुट % सम्म** |
| १. | देव कर्नर ज्वेलरी | काठमाडौं | ३० |
| ३. | भिजन कन्सर्न अप्टिकल एण्ड आइ क्लिनिक | चावहिल, काठमाडौं | ५-२५ |

**सम्झौता**

| क.सं. | गैर-सरकारी संस्था | ठेगाना |
|---|---|---|
| १. | iDE Nepal | ललितपुर |



# डिजिटल सेवा

विश्वव्यापी फैलिएको कोरोना भाईरस (COVID19) ले सबै व्यवसायलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा असर पारेको छ । यस विषम परिस्थितिमा मुक्तिनाथ विकास बैंकले डिजिटल सेवालाई प्रवर्द्धन गर्ने उद्देश्यले QR Code, Mobile Banking, E-banking, Online Account Opening, Online Fixed Deposit Application, Online Loan Application, E-teller जस्ता सेवाहरुलाई थप महत्वका साथ विस्तार गर्दै आएको छ। यसले वित्तीय कारोबारको लागि सेवाग्राहीहरु बैंक सम्म आउन नपर्ने, समय र लागतमा कटौती हुने देखिएको छ ।

यी सेवाहरु लिन बैंकको वेवसाईटमा रहेको Online Account Opening, Online Fixed Deposit Application, Online Loan Application भएको स्थानमा गई आफूले लिन चाहेको सेवा छनौट गरी Click गरेर आवश्यक सरल प्रकृया पुरा गरी सेवा लिन सकिन्छ । यस विकास बैंकको ATM लिनु भएका ग्राहकहरुले VISA Network अन्तर्गत रहेका जुन सुकै बैंकको ATM बाट विना शुल्क रकम झिक्न सकिने व्यवस्था गरेको छ। यो सेवाले यस विकास बैंकको ATM प्रयोग गर्नु हुने सेवाग्राहीहरुले आफूलाई पायक पर्ने अन्य जुनसुकै बैंकको VISA Network ATM मा गई सेवा लिन सक्नु हुने भएकोले आफ्नै बैंकको ATM खोजेर हिंड्नु पर्ने वाध्यता हटेको छ ।

**Link for Online Application**

Online Loan Application :
**https://www.muktinathbank.com.np/online/loan-application**

Online Account Opening :
**https://muktinathbank.com.np/online/**

Online Fixed Deposit :
**https://www.muktinathbank.com.np/online/fixed-deposit**

# कर्मचारी तालिम तथा गोष्ठी

मुक्तिनाथ विकास बैंकले कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले विभिन्न समयमा विभिन्न किसिमका तालिम तथा गोष्ठीमा कर्मचारीहरुलाई सहभागी गराउँदै आएको छ। २०७७ आषाढ देखि पौष मसान्तसम्म कोरोना भाईरस (COVID-19) ले गर्दा विभिन्न शिर्षकहरुमा अनलाईन तालिम सञ्चालन गरिएको थियो । बैंकले Operational Risk, Account Management, Credit and Customer Relationship Management जस्ता शिर्षकहरूमा कुल २७० ओटा अनलाईन तालिमहरू सञ्चालन गरेको थियो ।





# सम्मान तथा पुरस्कार

## मुक्तिनाथ विकास बैंक "युरोपियन माइक्रोफाइनान्स अवार्ड २०२०" बाट पुरस्कृत

हरेक वर्ष विभिन्न क्षेत्रमा विशिष्ट कार्य गर्ने लघुवित्त सेवा प्रदायक संस्थाहरुलाई प्रदान गरिने युरोपियन माइक्रोफाइनान्स अवार्ड यस वर्ष मुक्तिनाथ विकास बैंकले प्राप्त गर्न सफल भएको छ । लक्जमवर्गमा आयोजित एक विशेष कार्यक्रममा "युरोपियन माइक्रोफाइनान्स अवार्ड २०२०" को विजेता यस विकास बैंकलाई घोषणा गरिएको हो । विभिन्न ३७ देशका ७० ओटा प्रतिस्पर्धि संस्थाहरुलाई उछिन्दै यस विकास बैंकको साना तथा लघु बैंकिङ्ग कार्यक्रममा आवद्ध न्यून आय भएका सदस्यहरुलाई प्रदान गरी रहेको नविनतम र ग्राहकमैत्री समावेशी बचत सेवाहरुको प्रभावकारिता र त्यसले सदस्यहरुको जीवनमा पारेको सकारात्मक परिवर्तनलाई विभिन्न चरणको अन्तर्राष्ट्रिय स्वतन्त्र विशेषज्ञ छनौट समितिले अध्ययन तथा अनुसन्धान गरी यो पुरस्कार प्रदान गरिएको हो । यो पुरस्कारको राशी नगद १ लाख युरो, ट्रफी र प्रमाणपत्र रहेको छ ।




यो पुरस्कारको रकमले बैंकले लक्षित सदस्यहरुलाई बचत परिचालनमा थप प्रोत्साहन गर्ने कार्यहरु गर्नेछ ।

## उत्कृष्ट वार्षिक प्रतिवेदन पुरस्कार

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) ले हरेक वर्ष नेपाल वित्तीय प्रतिवेदन मान प्रणाली (NFRS) मार्फत वित्तीय विवरणहरु खुलस्त रुपमा प्रकाशन गर्ने उत्कृष्ट संस्थाहरुलाई प्रदान गर्दै आएको वित्तीय क्षेत्र तर्फ आर्थिक वर्ष २०७५/०७६ को उत्कृष्ट वार्षिक प्रतिवेदन प्रस्तुती पुरस्कार (Best Presented Annual Report Award) मुक्तिनाथ विकास बैंकले प्राप्त गरेको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) ले Best Presented Annual Report Award विभिन्न ५ वर्गमा प्रदान गर्ने गर्दछ । ती वर्गहरु १. बैंकिङ्ग क्षेत्र (Public and Private Sector ) २. वित्तीय क्षेत्र ३. बीमा क्षेत्र ४. सार्वजनिक क्षेत्र ईकाइ ५. सामान्य क्षेत्र रहेका छन् । विकास बैंक र वित्त कम्पनीहरु मध्येबाट मुक्तिनाथ विकास बैंकले वित्तीय क्षेत्र विधाको सर्वोकृष्ट पुरस्कार प्राप्त गरेको छ । संस्थागत शुशासनको एक अभिन्न अंगको रुपमा रहेको वित्तीय विवरणहरुको विस्तृत प्रकाशन सम्बन्धी यस पुरस्कारले पारदर्शितालाई समेत दर्शाउँद छ ।

## हार्दिक बधाई तथा शुभकामना



यस विकास बैंकका संचालक समितिका सदस्य श्री रविन्द्रमान श्रेष्ठज्यू उद्योग वाणिज्य संघ, स्याङ्जाको, गरिमामय "अध्यक्ष" पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई एवं सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं ।

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
**परिवार**

## बधाई ! एक दशकदेखि अनवरत सेवामा समर्पित कर्मचारीहरू बधाई !


Sanju Kumari Poudel


Santa Bdr. Gharti


Santosh Poudel


Sapana Gurung


Saraswati Paudel Regmi


Sarmila Godar


Sarmila Lamsal


Sarmila Paudel


Sita Pokharel


Srijana Parajuli


Subash Dhakal


Sundar Shrestha


Sunita Ranabhat


Sunod Paudel


Sushila Lamichhane


Sushma Sigdel


Tej Bahadur Giri


Tilak Raj Baral


Yadab Bhatta


Yubraj Dhakal



# शीघ्र संचालनमा आउने शाखाहरू

| क्र.स. | शाखाको नाम | प्रदेश | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | बेलबारी | १ | बेलबारी नगरपालिका-३, मोरङ | ९८०२३०६१४० |
| २ | रंगेली | १ | रंगेली नगरपालिका-७, मोरङ | ९८०२३०६१४१ |
| ३ | गाईघाट | १ | त्रियुगा नगरपालिका-११, उदयपुर | ९८०२३०६१४२ |
| ४ | पथरी | १ | पथरी सनिश्चरे-१, पथरी मोरङ | ९८०२३३६१५३ |
| ५ | कोल्हवी | २ | कोल्हवी नगरपालिका-६, बारा | ९८०२३०६१४३ |
| ६ | गरुडा | २ | गरुडा नगरपालिका-४, रौतहट | ९८०२३०६१४४ |
| ७ | राजविराज | २ | राजविराज नगरपालिका-४, सप्तरी | ९८०२३३६१५८ |
| ८ | बरहथवा | २ | बरहथवा नगरपालिका-६, सर्लाही | ९८०२३०६१४५ |
| ९ | पाँचखाल | बाग्मती | पाँचखाल नगरपालिका-५, काभ्रे | ९८०२३०६१४६ |
| १० | मन्थली | बाग्मती | मन्थली नगरपालिका-६, रामेछाप | ९८०२३३६१५४ |
| ११ | जमल | बाग्मती | काठमाडौं महानगरपालिका-२७, काठमाडौं | ९८०२३०६१३९ |
| १२ | मैतीदेवी | बाग्मती | काठमाडौं महानगरपालिका-२९, काठमाडौं | |
| १३ | पनौती | बाग्मती | पनौती नगरपालिका-६, काभ्रे | ९८०२३३६१५७ |
| १४ | कावासोती | गण्डकी | कावासोती नगरपालिका-८, नवलपरासी | ९८०२३०६१४७ |
| १५ | सिसहनिया | लुम्विनी | राप्ती गाउँपालिका-५, दाङ | ९८०२३३६१५६ |
| १६ | सन्धिखर्क | लुम्विनी | सन्धिखर्क नगरपालिका-१, अर्घाखाँची | ९८०२३३६१५५ |
| १७ | बिजुवार | लुम्विनी | प्यूठान नगरपालिका-४, प्यूठान | ९८०२३०६१४८ |
| १८ | जीतपुर | लुम्विनी | वाणगंगा नगरपालिका-१, कपिलबस्तु | ९८०२३०६१४९ |
| १९ | राजीपुर | सुदुर पश्चिम | गौरीगंगा नगरपालिका-४, कैलाली | ९८०२३०६१५० |
| २० | सुखड | सुदुर पश्चिम | घोडाघोडी नगरपालिका-१, कैलाली | ९८०२३३६१५१ |
| २१ | झलारी | सुदुर पश्चिम | शुक्लाफाँटा नगरपालिका-१०, कन्चनपुर | ९८०२३३६१५२ |



# Interim Financial Statements (Unaudited)

### 2nd Quarter of Financial Year - 2077/078

## Condensed Consolidated Statement of Financial Position As on Quarter ended Poush 2077

| Particulars | Group | | Bank | |
|---|---|---|---|---|
| | This Quarter Ending | Immediate Previous Year Ending (Audited) | This Quarter Ending | Immediate Previous Year Ending (Audited) |
| **Assets** | | | | |
| Cash and Cash Equivalent | 5,802,947,412 | 8,228,963,817 | 5,476,662,225 | 8,199,382,567 |
| Due from Nepal Rastra Bank | 1,849,733,096 | 2,019,027,022 | 1,849,733,096 | 2,019,027,022 |
| Placement with Bank and Financial Institutions | - | - | - | - |
| Derivative Financials Instrument | - | - | - | - |
| Other Trading Assets | 106,278,172 | 25,126,115 | - | - |
| Loans and Advances to BFIs | 4,396,558,634 | 603,900,000 | 4,396,558,634 | 603,900,000 |
| Loans and Advances to Customers | 58,274,093,739 | 47,661,300,051 | 58,274,041,300 | 47,660,904,611 |
| Investment Securities | 12,281,524,225 | 6,597,808,543 | 12,477,756,476 | 6,592,808,543 |
| Current Tax Assets | - | 75,136,671 | - | 69,150,969 |
| Investment in Subsidiaries | - | - | 117,500,000 | 117,500,000 |
| Investment in Associates | 104,728,006 | 54,728,006 | 104,728,006 | 54,728,006 |
| Investment Property | 33,128,449 | 33,115,680 | - | - |
| Property and Equipment | 741,766,719 | 770,587,993 | 732,816,398 | 764,783,154 |
| Goodwill and Intangible Assets | 10,750,521 | 9,929,275 | 9,494,844 | 9,771,744 |
| Deferred Tax Assets | 34,120,722 | 45,811,011 | 33,610,353 | 45,300,643 |
| Other Assets | 238,414,559 | 214,813,174 | 226,729,910 | 210,835,451 |
| **Total Assets** | **83,874,044,255** | **66,340,247,359** | **83,699,631,242** | **66,348,092,711** |
| **Liabilities** | | | | |
| Due to Bank and Financial Institutions | 1,150,000,000 | 2,322,270,747 | 1,150,000,000 | 2,322,270,747 |
| Due to Nepal Rastra Bank | 448,714,000 | - | 448,714,000 | - |
| Derivative Financials Instrument | - | - | - | - |
| Deposits from Customers | 74,618,438,418 | 57,202,852,663 | 74,872,246,571 | 57,310,862,701 |
| Borrowings | - | - | - | - |
| Current Tax Liabilities | 42,939,823 | - | 34,319,677 | - |
| Provisions | 3,732,070 | 3,732,070 | 3,732,070 | 3,732,070 |
| Deferred Tax Liabilities | - | - | - | - |
| Other Liabilities | 1,227,503,477 | 907,507,827 | 913,441,492 | 892,768,503 |
| Debt Securities Issued | - | - | - | - |
| Subordinated Liabilities | - | - | - | - |
| **Total Liabilities** | **77,491,327,788** | **60,436,363,308** | **77,422,453,811** | **60,529,634,022** |
| **Equity** | | | | |
| Share Capital | 4,811,550,803 | 4,324,989,486 | 4,811,550,803 | 4,324,989,486 |
| Share Premium | - | 64,012,143 | - | 64,012,143 |
| Retained Earnings | 544,525,703 | 613,977,663 | 532,607,991 | 613,779,161 |
| Reserves | 933,018,637 | 815,726,212 | 933,018,638 | 815,677,900 |
| **Total Equity Attributable to Equity Shareholders** | **6,289,095,143** | **5,818,705,504** | **6,277,177,431** | **5,818,458,689** |
| **Non Controlling Interest** | **93,621,324** | **85,178,547** | - | - |
| **Total Equity** | **6,382,716,467** | **5,903,884,051** | **6,277,177,431** | **5,818,458,689** |
| **Total Equity and Liabilities** | **83,874,044,255** | **66,340,247,359** | **83,699,631,242** | **66,348,092,711** |

## Condensed Consolidated Statement of Profit or Loss As on Quarter ended Poush 2077

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) |
| Interest Income | 1,677,690,350 | 3,384,208,788 | 1,637,334,659 | 3,183,264,894 | 1,675,858,127 | 3,382,346,864 | 1,632,399,637 | 3,177,420,536 |
| Interest Expense | 1,103,659,963 | 2,218,115,206 | 1,057,257,265 | 2,078,670,926 | 1,104,026,002 | 2,219,908,017 | 1,057,257,265 | 2,078,670,926 |
| **Net Interest Income** | **574,030,387** | **1,166,093,582** | **580,077,395** | **1,104,593,968** | **571,832,125** | **1,162,438,847** | **575,142,372** | **1,098,749,610** |
| Fees and Commission Income | 155,499,587 | 297,588,176 | 158,574,439 | 310,753,758 | 153,203,502 | 291,992,224 | 161,539,231 | 310,753,758 |
| Fees and Commission Expense | 9,670,607 | 13,486,309 | 6,358,762 | 9,479,213 | 9,030,603 | 12,288,178 | 6,368,911 | 9,479,213 |
| **Net Fee and Commission Income** | **145,828,980** | **284,101,867** | **152,215,676** | **301,274,545** | **144,172,899** | **279,704,046** | **155,170,320** | **301,274,545** |
| **Net Interest, Fee and Commission Income** | **719,859,366** | **1,450,195,450** | **732,293,071** | **1,405,868,513** | **716,005,024** | **1,442,142,893** | **730,312,692** | **1,400,024,155** |
| Net Trading Income | 27,357,698 | 37,420,571 | 5,794,162 | 10,468,686 | (3,990,965) | 2,681,534 | 871,189 | 5,545,713 |
| Other Operating Income | 113,535,515 | 311,568,277 | 2,742,983 | 14,981,829 | 113,436,295 | 311,457,557 | 836,364 | 13,049,141 |
| **Total Operating Income** | **860,752,579** | **1,799,184,298** | **740,830,217** | **1,431,319,028** | **825,450,354** | **1,756,281,985** | **732,020,246** | **1,418,619,010** |
| Impairment Charge/(reversal) for loans and other losses | 20,623,952 | 171,307,145 | 24,186,484 | 89,123,677 | 20,623,952 | 171,307,145 | 24,292,806 | 89,229,999 |
| **Net Operating Income** | **840,128,628** | **1,627,877,153** | **716,643,733** | **1,342,195,351** | **804,826,402** | **1,584,974,840** | **707,727,440** | **1,329,389,011** |
| **Operating Expenses** | - | | - | | - | | | - |
| Personnel Expenses | 244,701,736 | 485,595,438 | 197,965,580 | 387,460,145 | 238,777,562 | 476,597,698 | 196,341,170 | 384,355,897 |
| Other Operating Expenses | 84,847,863 | 172,427,116 | 121,863,524 | 212,096,228 | 82,981,434 | 167,865,657 | 120,612,612 | 208,959,400 |
| Depreciation and Amortisation | 38,337,917 | 75,910,061 | 41,874,178 | 61,595,644 | 38,084,674 | 75,300,767 | 41,625,137 | 61,133,980 |
| **Operating Profit** | **472,241,112** | **893,944,538** | **354,940,451** | **681,043,334** | **444,982,732** | **865,210,717** | **349,148,522** | **674,939,735** |
| Non Operating Income | 14,180,000 | 14,180,000 | - | 77,490 | 14,180,000 | 14,180,000 | - | 77,490 |
| Non Operating Expenses | - | - | - | - | - | - | - | - |
| **Profit before Income Tax** | **486,421,112** | **908,124,538** | **354,940,451** | **681,120,824** | **459,162,732** | **879,390,717** | **349,148,522** | **675,017,225** |
| Income Tax Expenses | - | | - | | - | | | - |
| Current Tax | 145,926,334 | 272,437,361 | 103,724,810 | 199,943,689 | 137,748,820 | 263,817,215 | 103,724,810 | 199,943,689 |
| Deferred Tax | - | - | 3,108,592 | 4,087,378 | - | - | 1,676,194 | 2,561,478 |
| **Profit for the Period** | **340,494,778** | **635,687,177** | **248,107,049** | **477,089,757** | **321,413,912** | **615,573,502** | **243,747,518** | **472,512,057** |
| **Condensed Consolidated Statement of Comprehensive Income** | | | | | | | | |
| **Profit/(Loss) for the period** | **340,494,778** | **635,687,177** | **248,107,049** | **477,089,757** | **321,413,912** | **615,573,502** | **243,747,518** | **472,512,057** |
| Other Comprehensive Income | 23,299,888 | 27,277,342 | 18,050,213 | (8,810,027) | 23,299,888 | 27,277,342 | 18,050,213 | (8,810,027) |
| **Total Comprehensive Income** | **363,794,667** | **662,964,519** | **266,157,262** | **468,279,730** | **344,713,801** | **642,850,844** | **261,797,731** | **463,702,031** |
| **Earnings per Share** | | | | | | | | |
| Basic earnings per share | - | 26.42 | - | 19.83(Restated) | - | 25.59 | - | 19.64(Restated) |
| Diluted earnings per share | - | 26.42 | - | 19.83(Restated) | - | 25.59 | - | 19.64(Restated) |
| **Profit attributable to:** | | | | | | | | |
| Equity holders of the Bank | 356,094,659 | 654,768,557 | 264,358,955 | 466,391,429 | 344,713,801 | 642,850,844 | 261,797,731 | 463,702,031 |
| Non-controlling interest | 7,700,008 | 8,195,962 | 1,798,306 | 1,888,301 | - | - | - | - |
| **Total** | **363,794,667** | **662,964,519** | **266,157,262** | **468,279,730** | **344,713,801** | **642,850,844** | **261,797,731** | **463,702,031** |

# हाम्रो शाखा सञ्जालहरु

(२०७७ पौष मसान्तसम्म)




| प्रदेशगत शाखा संख्या | |
|---|---|
| प्रदेश नं. १ | १९ |
| प्रदेश नं. २ | १३ |
| बागमती प्रदेश | ५० |
| गण्डकी प्रदेश | ४२ |
| लुम्बिनी प्रदेश | २४ |
| कर्णाली प्रदेश | ४ |
| सुदूरपश्चिम प्रदेश | ६ |
| जम्मा | १५८ |

■ शाखा रहेका जिल्लाहरु

मुक्तिनाथ दर्पणमा लेख, रचना, प्रकाशन गर्नका लागि कर्पोरेट अफेयर्स विभाग हार्दिक स्वागत गर्दछ । यहाँको थप सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।

प्रमुख सल्लाहकार: श्री प्रद्युमन पोखरेल
सल्लाहकार: श्री समिर शेखर बज्राचार्य/श्री तिल बहादुर गुरुङ्ग
प्रमुख सम्पादक: श्री गोविन्द बहादुर राउत
सम्पादक/संकलन: श्री विपना हमाल

Connect with us

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

**केन्द्रीय कार्यालय:** काठमाडौं प्लाजा, कमलादी काठमाडौं
टोल फ्रि नं. १६६००१४९९९९, फ्याक्स: ०१-४१६८६८४
ईमेल: info@muktinathbank.com.np
वेबसाइट: www.muktinathbank.com.np